आकाशवाणी

July 12th, 2025 Saturday

प्रमुख समाचार:

- प्रधानमन्त्री नरेन्द्र मोदीले आज 16 औं रोजगार मेलाको एकभाग अन्तर्गत भिडियो कन्फरेन्स मार्फत विभिन्न सरकारी विभागहरूमा 51 हजार भन्दा बढ़ि युवाहरूलाई नियुक्ति पत्र वितरण गर्नुभयो।
- केन्द्रिय वित्त मन्त्री निर्मला सीतारामनले हिजो मेघालयमा एक हजार 87 करोढ़ 81 लाख रूपियांका कैयन परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुभयो।
- केन्द्रिय गृह मन्त्री अमित शाहले प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको सपना दक्षिणी राज्यहरूको विकासले नै साकार हुनेछ भन्नुभयो।
- निमान दुर्घटना जाँच ब्यूरो AAIB ले अहमदाबादमा भएको AIR India विमान दुर्घटना संबधी 15 पृष्टहरूको प्रारम्भिक जो रिपोर्ट हिजो जारी गर्यो।
- London मा Wimbledon Tennis को महिला सिंगलस् फाइनलमा आज Poland को इगा स्वियतेकको सामना अमेरीकाकी अमाण्डा अतिसिमोकसित हुनेछ। मैच भारतीय समयानुसार राति 8.30 बजे शुरूहुनेछ।

प्रधानमन्त्री रोजगार मेला

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको रोजगार मेला, युवाहरूलाई सशक्त बनाउने र विकसित भारतको निर्माणमा उनीहरूको सक्रिय सहयोग लिने सरकारको प्रतिबद्धतालाई दर्शाउछ। उहाँले भन्नुभयो आज विश्वले भारतका दुई असीम शक्तिहरू छन् भनि बुझ्छ- एउटा उसको जनसांख्यिकी र दोस्रो उसको लोकतन्त्र

प्रधानमन्त्री आज Video Conference मार्फत विभिन्न सरकारी विभागहरूमा 51 हजार भन्दा बढि युवाहरूलाई नियुक्ति पत्र वितरित गरेपछी रोजगार मेलामा बोल्दै हुनुहुन्थ्यो।

श्री मोदीले देशमा विकसित भई रहेका Start up  नवाचार र अनुसन्धानको बढ़दो eco System को पनि उल्लेख गर्नुभयो जसले देशका युवाहरूको क्षमतामा वृद्धि गरि रहेको छ।

प्रधानमन्त्रीले PLT योजना अन्तर्गत देशभरिमा एघार लाख भन्दा बढि रोजगारको सृजन भएकोछ भन्नुभयो।

16 औं रोजगार मेला, देशभरिका 47 ठाँउहरूमा आयोजित गरियो। नव- नियुक्त कर्मचारीले केन्द्र सरकारका विभिन्न मन्त्रालय र विभागहरूमा काम गर्नेछन् जसमा रेल मन्त्रालय, राजस्व विभाग, कार्मिक एवं लोक शिकायत तथा पेंसन मंत्रालय, गृह मंत्रालय, डाक विभाग, उच्च शिक्षा विभाग, श्रम एवम् रोजगार मंत्रालय आदि शामेल छन्।

रोजगार मेला

केन्द्रिय कार्मिक र प्रशिक्षण राज्यमन्त्री जितेन्द्र सिंहले रोजगार मेलामा 40 हजार भन्दा बढि नवनियुक्त कर्मचारीहरूले रेल मंत्रालयमा काम गर्नेछन् भन्नुभएको छ।

उता पंजाबको कपूरथलाको रेल कोच फैक्ट्रीमा आयोजित कार्यक्रममा केन्द्रिय सहकारिता राज्यमन्त्री कृष्णपाल गुर्जरले 68 युवाहरूलाई नियुक्ति पत्र प्रदान गर्नुभयो।

पश्चिम बंगालमा सियालदाह, सिलिगुडी र खड्गपुरमा पनि रोजगार मेला आयोजित गरियो जसमा जम्मा 49 नियुक्ति पत्र वितरण गरिए।

नागालैण्ड रोजगार मेला

केन्द्रिय संसदीय तथा अल्पसंख्यक कार्य मन्त्री किरेन रिजिजूले आज भन्नुभयो, रोजगार मेला प्रधानमन्त्री नरेन्द्र मोदीको भारतका युवाहरूसित जुड्ने दृष्टिकोणको प्रमाण हो। नगालैण्डको दीमापुरमा रोजगार मोलालाई संबोधित गर्दै श्री रिजिजूले  युवाहरूलाई रोजगार उपलब्ध गराउने प्रधानमन्त्रीको पहल र पूर्वोत्तर क्षेत्रको विकासको प्रशन्सा गर्नुभयो।

दीमापुरको रोजगार मेलामा लगभग 110 नियुक्ति पत्रहरू सोझै वितरण गरिए भने 231 नियुक्ति पत्र e-mail मार्फत पठाइए।

सीतारामन- मेघालय

केन्द्रिय वित्त मन्त्री निर्मला सीतारामनले हिजो मेघालयमा एक हजार 87 करोढ़ 81 लाख रूपियाँका कैयन परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुभयो। शिलाँग स्थित अंतरराष्ट्रीय प्रदर्शन कला एवम् संस्कृति केन्द्र लारितीमा आयोजित कार्यक्रममा उहाँले मुख्यमन्त्री Conrad K संगमाको नेतृत्वमा मेघालयको सतत् विकास र साहसिक दृष्टिकोणको प्रशन्सा गर्नुभयो। वित्त मन्त्रीले भन्नुभयो मेघालयले पूंजी लगानीका लागि राज्यहरूलाई विशेष सहायता अन्तर्गत, आबंटित 5 हजार 400 करोढ़ रूपियाँको संपूर्ण उपयोग गरेकोछ।

उहाँले जल जीवन मिशन प्रधानमंत्री  आवास योजना प्रधानमंत्री जीवन ज्योति बीमा योजना स्वच्छ भारत मिशन र अन्य योजनाहरूमा राज्यको प्रदर्शनको पनि प्रशन्सा गर्नुभयो।byte..

अमित शाह –केरल

केन्द्रिय गृह मन्त्री अमित शाहले भन्नुभएकोछ प्रधानमन्त्री नरेन्द्र मोदीको विकसित भारतको सपना दक्षिणी राज्यहरूको विकासले नै साकार हुनेछ। श्री शाहले आज तिरूवनथपुरममा पुधारिकंदम मैदानमा भाजपाको वार्ड स्तरीय नेतृत्व बैठकलाई संबोधित गर्दै भन्नुभयो, विकसित केरलम, विकसित भारतको अभिन्न अंग हो। भ्रष्टाचार मुक्त शासन सरकारी योजनाहरू सम्म एकैजस्तो पहुँच र राजनीतिक हितहरू शामेल भएको विकास प्रधानमन्त्री मोदीका तीन मुख्य दृष्टिकोण हुनु जुन केरलको विकासका लागि महत्वपूर्ण छन भनि श्री शाहले भन्नुभयो ।byte..

केन्द्रिय गृह मन्त्रीले Operation Sindoor र सर्जिकल स्ट्राइक मार्फत आतंकवादलाई कढ़ा जवाफ दिइएको उल्लेख गर्दै राष्ट्रीय सुरक्षा प्रति मोदी सरकारको प्रतिबद्धतालाई दोह्राउनुभयो।

एयर इंडिया – रिपोर्ट

विमान दुर्घटना जाँच ब्यूरो –AAIB ले अहमदाबादमा भएको AIR INDIA विमान दुर्घटनाको संबधमा 15 पृष्टहरूको प्रारम्भिक जाँच रिपोर्ट हिजो बेलुकी जारी गर्यो। 12 जूनमा भएको यस दुर्घटनामा 260 जनाको मृत्यु भएको थियो। रिपोर्टमा घटनाक्रम र AIR INDIA को Boing 787 विमान संख्या 171 को इंजिन संबधी स्थितिको जाँच गरियो। यसबाट, विमानको इंजिनको ईंधन – आपूर्ति बन्द गरिएको थाहा पाइएकोछ।

जाँच एजेन्सीले आफ्नो रिपोर्टमा भनेकोछ, उड़ेको केहि सेकेंड भित्र नै विमानका दुवै इंजिनको ईंधन- नियन्त्रणसित संबधित Switch हरू एक सेकेन्डको अंतरालमा नै रनबाट cut off मा परिवर्तित हुँदा यो भीषण दुर्घटना भयो।

प्रारम्भिक जाँच रिपोर्टका अनुसार पायलटलाई Cockpit Voice recorder मा दोस्रो पायलटसित उसले ईंधन आपूर्ति प्रणाली किन बन्द गरेको भनि सोधिएको सुनिन्छ। जवाफमा अर्को पायलटले उसले यस्तो गरेको छैन भनि भन्छ।

रिपोर्ट अनुसार विमान उड़नु र दुर्घटनाग्रस्त हुन बीच  तीस सेकेण्डसम्म हावामा रहेको थियो।

थप एयर इंडिया रिपोर्ट

केन्द्रिय नागरिक उड्डयन मन्त्री राम मोहन नायडूले AAIB को यो रिपोर्ट प्रारंभिक भन्दै जनतालाई अंतिम रोपोर्ट जारी न हुनइजेल कुनै निष्कर्षमा न पुग्न अनुरोध गर्नुभयो। byte..

Wimbledon

लंडनमा Wimbledon टेनिसको महिला सिगल्स फाइनलमा आज Poland की इगा स्वियतेकको भीड़न्त अमेरीकाकी अमांडा अनिसिमोवासित हुनेछ। मैच भारतीय समयानुसार राति 8 बजेर 30 मिनिटमा शुरू हुनेछ।